राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

चौमासिक

NFD-N

1993

# रूपान्तरण

REFORMATION

वर्ष : २३, अङ्क : २, मङ्सिर-फागुन, २०७५




## अपाङ्गता भएका व्यक्तिहरूको
# २७ औँ अन्तर्राष्ट्रिय दिवस





## नेपालमा मनोसामाजिक अपाङ्गता चुनौती र व्यवस्थापन

## पुरुषहरूको मात्रै खेल होइन क्रिकेट

# भौतिक पहुँच




"खुट्किलाको सट्टा यस्तो र्‍याम्प बनाउँदा मलाई त सहज भएको छ,
यसले अरूलाई पनि झनै सजिलो बनाएको छ।"



"यो ट्याक्टाइल म जस्तै दृष्टिबिहीन व्यक्तिलाई सडक पेटीमा हिँड्न सजिलो होस् भनेर बनाइएको हो। त्यसैले यस्तो सडक पेटीमा कुनै पनि प्रकारको अवरोध नहुने परिस्थितिको सिर्जना गरौं।"



"आहा ! यो बेसिन त म जस्ता होचा व्यक्तिले समेत प्रयोग
गर्न मिल्ने गरी बनाइएको रहेछ बा।"



"हेर्नुहोस् त ! हामी सबैले एउटै ठाउँबाट सेवा लिन सम्भव भइरहेको छ ।"




# अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवस

पृष्ठ ३

## यस अङ्कमा

**नेपालमा मनोसामाजिक अपाङ्गता**

## चुनौती र व्यवस्थापन



पृष्ठ ८


'मलाई गणना गर, समावेश गर' अभियानको परिचय ६

झुल्कँदै आशाका किरण १३

पुरुषहरूको मात्रै खेल होइन क्रिकेट १६

अपाङ्गता सरोकार र सहभागिता २९


यस प्रकाशनका लागि केही तस्बिर र समाचार सामग्री मिलन खराल र मिलन बगालेले उपलब्ध गराउनुभएको हो ।



रूपान्तरण

वर्ष : २३, अङ्क : २, मङ्सिर-फागुन, २०७५

राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

**सल्लाहकार :** सुदर्शन सुवेदी, देवीबहादुर पोखरेल, टिका दाहाल

**सम्पादन समूह**

**सम्पादक :** राजु बस्नेत

**सदस्य :** ओमप्रकाश बञ्जाडे, मनिष प्रसाई, विमल पौडेल, सागर प्रसाई

**भाषा सम्पादन :** धातृप्रसाद सुवेदी

**आवरण/ले–आउट :** Diverse Patterns, ९८१०३००७८२, www.diversepatterns.com.np

**प्रकाशक :** राष्ट्रिय अपाङ्ग महासङ्घ–नेपाल, सूचना तथा सञ्चार समन्वय विभाग

**कार्यालय :** भृकुटीमण्डप, काठमाडौं ।

**फोन :** ४२३११५९ फ्याक्स : ४२२९५२२ पो.ब.नं. : ९१८८

**इमेल :** info@nfdn.org.np, rupantaran@nfdn.org.np

**वेबसाइट :** www.nfdn.org.np

**मुद्रक :** एपेक्स प्रिन्टिङ्ग प्रेस, तिनकुने, काठमाडौं

# अब हाम्रो पनि गणना हुनुपर्छ

संसारमै अपाङ्गता अधिकारको अभियान धेरै पुरानो भएको छैन । संयुक्त राष्ट्र सङ्घले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार पनि मानव अधिकार हो भन्ने महशुस गरेर अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालेको पनि २७ वर्षमात्रै पुग्दैछ । अझ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) त २००६ मा मात्रै विकास भएको हो । त्यसकारणले नै अपाङ्गताका क्षेत्रमा संसारभरि नै हुनुपर्ने जति विकास नहुनु स्वाभाविक हो । तर पनि, धेरै राष्ट्रले अपाङ्गताका सवाललाई पहिलो प्राथमिकतामा राखेर विकासका कार्यक्रम सञ्चालन गर्दै आएका छन्, जसले गर्दा हालैका वर्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर निकै उकासिँदै आएको छ । पश्चिमा मुलुकमा मात्र होइन, हाम्रै छिमेकी मुलुक भारत र श्रीलङ्कामा समेत अपाङ्गताको विषय सरकारको प्राथमिकतामा रहेको छ । यो क्रमलाई हेर्दा हामी चाहिँ अलि पछाडि परेका हौँ कि भन्ने भान हुनजान्छ ।

हाम्रो देशमा पनि अपाङ्गता अधिकार प्रवर्द्धन गर्ने नियम, कानुन यथेष्ठ छन् । नेपालको संविधान, २०७२ देखि हालैमात्र संसद्बाट पारित भएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ऐन सबैमा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सहभागिताका लागि विभिन्न व्यवस्था छन् । यी सबै प्रावधानहरूको कार्यान्वयनमा हाम्रो स्थिति भने फितलो छ ।

व्यवस्था गरिएक ऐन-कानुनका प्रावधान कार्यान्वयन नहुनुका धेरै कारण छन् । सबैभन्दा प्रमुख कारणमा अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ र खण्डीकृत तथ्याङ्कको अभाव पनि हो । अन्य मुलुकका तथ्याङ्कका आधारमा हाम्रो देशमा पनि अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या कुल जनसङ्ख्याको १० देखि १५ प्रतिशत होला भन्ने सजिलो अनुमान लगाउन सकिन्छ । नेपालको आधिकारिक तथ्याङ्कमा भने सङ्ख्या २ प्रतिशतभन्दा थोरै देखिएको छ । यसरी राज्यका दृष्टिकोणबाट हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या अति नै न्यून रहेको छ, जसले गर्दा उसले बनाउने कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई कहिल्यै पनि प्राथमिकतामा राखिँदैन ।

अब अपाङ्गता आन्दोलनको प्रमुख मुद्दा/ विषय वा एजेन्डा भनेको विश्वसनीय तथ्याङ्क उत्पादनको हुनुपर्छ । अब २ वर्ष पछाडि हुने राष्ट्रिय जनगणना, २०७८ मा अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ र खण्डीकृत तथ्याङ्क प्राप्त गर्नका लागि राज्यका सम्बन्धित निकाय र यस क्षेत्रमा कार्यरत सङ्घ-संस्थाको ध्यानाकर्षण हुनु जरूरी छ । अबको जनगणनामा हामीले छुट्न नपोरोस् भनेर राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले अहिलेदेखि नै केन्द्रीय तथ्याङ्क विभागसँग नजिकमा रहेर सहकार्य गरिरहेको छ ।

यस वर्षको अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको राष्ट्रिय नारा नै 'मलाई गणना गर, समावेश गर' रहेको थियो । जबसम्म अपाङ्गता भएका व्यक्तिहरूलाई गणना गरिँदैन, हाम्रो अस्तित्व स्वीकारिँदैन, तबसम्म समावेशी समाजको निर्माण सम्भव छैन । त्यसकारण, अब हामी पनि यस समाजका हिस्सा हौँ भनेर सबैलाई सुनाउने बेला आएको छ- अब हाम्रो पनि गणना हुनैपर्छ ।




# अपाङ्गता भएका व्यक्तिहरूको
# २७औँ अन्तर्राष्ट्रिय दिवस

मलाई गणना गर, समावेश गर भन्ने नाराको साथ मङ्सिर १७ अर्थात डिसेम्बर ३ तारिकका दिन अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवस महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजना एवं राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको संयोजकत्वमा सम्पन्न भयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँबाट सुरु गर्नुभएको करिब दुई हजार जना अपाङ्गता भएका व्यक्तिहरूलगायत विभिन्न सरकारी तथा गैरसरकारी निकाय, अपाङ्गताको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थाको उल्लेख्य सहभागिता रहेको र्‍याली समाज कल्याण परिषद्, लैनचौरमा पुगेर सभामा परिणत भयो ।

मन्त्री थापाले दीप प्रज्ज्वलन गरी औपचारिकरूपमा सुरु गर्नुभएको कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव केशव भट्टराईले राष्ट्रपति र प्रधानमन्त्रीका शुभकामना सन्देश वाचन गर्नुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्राप्त सन्देशमा अपाङ्गता भएका व्यक्तिहरूलाई दया र मायाका दृष्टिले भन्दा पनि अधिकारमुखी दृष्टिकोणबाट हेर्दै उनीहरूलाई विकासको मूलप्रवाहमा समावेश गरी आत्मनिर्भर बनाउनुपर्छ भनिएको छ ।

यसैगरी, प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान,




नीति र कानुनमा अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा, पुनःस्थापना, सहभागिता र समावेशीकरणलाई प्राथमिकतामा राखिएको बताउनुभएको छ । उहाँको सन्देशमा सरकारले अपाङ्गता भएका व्यक्तिहरूको विकास र सशक्तीकरणका लागि छुट्टै बृहत नीति र कार्ययोजना ल्याउने तयारी पनि गरिरहेको जानकारी दिनुभएको छ । कार्यक्रममा विभिन्न अतिथिले नेपालमा अपाङ्गताको क्षेत्र, यसमा भइरहेका क्रियाकलाप, विद्यमान चुनौती र अबका दिनमा कसरी दिगोरूपमा अघि बढ्न सकिन्छ भन्नेबारेमा धारणा व्यक्त गर्नुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले नेपालमा गणतन्त्र स्थापना भएपछि बनेको सरकारले सीमान्तकृत र पछाडिपरेका समुदायलाई विकासको मूलधारमा ल्याउनका लागि नीति-नियम, कानुनहरू संवेदशील र समावेशी बनाएको बताउनुभयो ।

## अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको थालनी

* अपाङ्गता भएका व्यक्तिहरूका अधिकारलाई विश्वव्यापीरूपमा स्थापित गर्ने प्रयासका क्रममा सन् १९८१ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय अपाङ्गता वर्षको रूपमा घोषणा गर्‍यो ।
* अपाङ्गता भएका व्यक्तिहरूका सवालमा विश्वव्यापीरूपमा काम गर्न सन् १९८३ मा राष्ट्रसङ्घले अपाङ्गतासम्बन्धी दस वर्षे विश्व कार्ययोजना लागू गर्‍यो ।
* सन् १९९२ मा यस दस वर्षे कार्ययोजनाको विश्वव्यापीरूपमा भएको कार्यान्वयनको समीक्षा गरियो र त्यसैवर्षदेखि ३ डिसेम्बरलाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउन थालिएको हो ।
* नेपालमा यो दिवस सन् १९९३ देखि मनाउन थालिएको हो, जुन हरेक वर्ष नेपाल सरकारको नेतृत्वमा सबै सरोकारवालाहरूको सहभागितामा विभिन्न कार्यक्रमसहित मनाउने गरिन्छ ।

उहाँले देश विकासमा "मलाई गणना गर, समावेश गर" भन्ने नारा निकै सान्दर्भिक रहेको हुँदा यसका लक्ष्य र उद्‌देश्यले अपाङ्गता भएका नागरिकलाई समाजमा आफ्नो क्षमता देखाउने र अधिकार सुनिश्चितताको महशुस गर्ने तथा सम्मानित जीवनयापन गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका संयोजक तथा राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीले विगतमा भएका कामको समीक्षा गर्दै अबका दिनमा सरकारको सहकार्य र समावेशिताको सिद्धान्तलाई अघि बढाउदै जानु पर्छ भन्नुभयो ।

यस वर्षको नारा रहेको "मलाई गणना गर, समावेश गर" लाई वर्षभरि नै अभियानको रूपमा सञ्चालन गरिने, अपाङ्गता भएका व्यक्तिहरूका हकहितका लागि गाउँमुखी रणनीति बनाई राज्यप्रदत्त सेवा-सुविधामा पहुँच पुर्‌याउन सरकारलाई सघाउने प्रतिबध्दता पनि उहाँले जनाउनुभयो ।

# शुभकामना सन्देश



"अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण तथा समावेशिता र समानताको सुनिश्‌चितता" (Empowering persons with disabilities and ensuring inclusiveness and equality) भन्ने मूल नारा तथा "मलाई गणना गर, समावेश गर" भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको २७औँ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा अपाङ्गता भएका दिदीबहिनी, दाजुभाइ तथा यस क्षेत्रमा कार्यरत व्यक्तिहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अपाङ्गता भएका व्यक्तिहरूलाई दया र मायाको दृष्टिले भन्दा पनि अधिकारमुखी दृष्टिकोणबाट हेर्दै उनीहरूलाई विकासको मूलप्रवाहमा समावेश गरी आत्मनिर्भर बनाउनुपर्दछ । नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका लागि विभिन्न कामहरू भइरहेका छन् तापनि संयुक्त राष्ट्रसङ्घीय अपाङ्गतासम्बन्धी महासन्धिमा उल्लेखित अधिकारहरू सुनिश्‌चितताका लागि अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र पुनःस्थापनाका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विशेष पहल हुनु जरुरी छ ।

शिक्षा, स्वास्थ्य तथा रोजगारीमा समान पहुँच, अपाङ्गतामैत्री संरचना, अपाङ्गतामैत्री कानुन, विशेष सामाजिक सुरक्षा, पुनःस्थापना, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता जस्ता विषयलाई आत्मसात गरी स्रोत, साधनलगायत आवश्यक कुराहरूको प्रबन्ध गर्दै क्रमशः कार्यान्वयनमा लैजानेतर्फ हामी सबैले ध्यान केन्द्रित गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

*(राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा दिनुभएको शुभकामना सन्देशको सम्पादित अंश ।)*



# 'मलाई गणना गर, समावेश गर' अभियान

## परिचय



■ नीर श्रेष्ठ

मलाई गणना गर, समावेश गर अर्थात् Count Me, Include Me मलाई गणना गर, समावेश गर अभियान अपाङ्गता भएका युवाको सक्रियता र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालसँगको समन्वयमा राष्ट्रियरूपमा सुरु गरिएको छ । देशका सबै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकार र पहुँच स्थापित गराउनु यस अभियानको प्रमुख उद्‌देश्य रहेको छ ।

मुलुकका सबै स्थानीय, प्रादेशिक र केन्द्र सरकारका साथै तिनका मातहत सबै निकायमा अनि गैर सरकारी तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच तथा सहभागिता स्थापित गराई उनीहरूका अधिकार तथा सवालहरूलाई स्थापित गराउने वातावरण सिर्जना गर्नु यस अभियानको दीर्घकालीन लक्ष्य रहेको छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापि घोषणापत्र होस् वा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि होस् अनि संयुक्त राष्ट्रसङ्घ (UN) द्वारा अनुमोदन भई विश्वभरि कार्यान्वयनमा रहेको २०३० एजेन्डा होस्, सबैको मूल मर्म भनेको सबै मानव समान हुन् र कसैलाई पनि कुनै पनि आधारमा पछाडि पार्नु हुन्न भन्ने नै हो ।

यी सबैको पक्षधर राष्ट्र बनेको नेपालमा भने अपाङ्गता भएका व्यक्तिहरूको स्थिति भने अझै नाजुक रहेको छ । यस अघि गरिएका आन्दोलन, पैरवी तथा वकालतबाट केही सकारात्मक उपलब्धि हासिल भए पनि सङ्घीयताको उदयसँगै आएको राज्यको नयाँ पुनःसंरचनाका कारण प्राप्त उपलब्धिहरू गुम्ने स्थिति सिर्जना भएको छ ।

विक्रम संवत २०६८ को जनगणनाले नेपालमा करिब १.९४ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको कुरा जनाएको थियो भने संयुक्त राष्ट्र संघले करिब १५ % व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको पाइएको छ, जुन दुवै कुरा हाम्रा लागि स्वीकार्य छैन । वास्तविक तथ्याङ्कको अभावकै कारण आज सरकारी नीति तथा कार्यक्रम र बजेटदेखि लिएर गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने हरेक कार्यक्रममा अपाङ्गता वर्ग छुटिरहेको छ ।

यही तीतो सत्यलाई गम्भीर चिन्तन मनन गर्दै अब हुने राष्ट्रिय जनगणना (२०७८) मा अपाङ्गता भएका व्यक्तिहरूको यथार्थ र खण्डीकृत विवरण ल्याउने वातावरण सिर्जना गर्न मलाई गणना गर, समावेश गर भन्ने अभियान सुरु गरिएको हो । विभिन्न चरणको छलफल, बैठक र अन्तक्रियापछि सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरूलाई समेटेर तयार भएको दलले गत जेठ महिनादेखि यो अभियान सुरु गरेको हो ।

अहिलेसम्म शिक्षा विभाग, केन्द्रीय तथ्याङ्क विभाग, बुढानीलकण्ठ, कीर्तिपुर, तारकेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिकामा यो अभियानको पहिलो चरण पूरा भइसकेको छ, जहाँ अभियान दलले आफ्ना मुद्दा र सवाल उठान गर्ने तथा सामान्य जानकारी लिने काम गरेको छ ।

यसै अभियानलाई अनुसरण गर्दै प्रदेश तहमा पनि प्रदेशस्तरीय अपाङ्ग महासङ्घहरूले विभिन्न कार्यक्रम सुरु गरिसकेका छन् । साथै, अभियानलाई राष्ट्रव्यापीरूपमा लैजान अपाङ्गताका क्षेत्रमा काम गरिरहेका सङ्घ-संस्थाले यस नारालाई अङ्गीकार गर्न थालेका छन् ।

यस अभियानलाई अनुसरण गर्दै सरकारले यस वर्षको अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको राष्ट्रिय नारा नै 'मलाई गणना गर, समावेश गर' भन्ने तय गरेको छ, जुन यो अभियान सुरु भएपछिको सबैभन्दा महत्वपूर्ण उपलब्धि हो ।

यस अभियानलाई बृहतरूपमा औपचारिक ढङ्गले अगाडि बढाउन यहि मङ्सिर १५ गते राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रीय तथा प्रादेशिक कार्यसमितिले एकसाथ दीप प्रज्वलन गरी अभियानको औपचारिकरूपमा उद्घाटन समेत गरेका छन् । यसकारण यो अभियान अब औपचारिक ढङ्गबाट अगाडि बढ्ने छ ।

निष्कर्षमा भन्नुपर्दा 'मलाई गणना गर, समावेश गर' अभियानको प्रमुख उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुलाई सबै ठाउँमा गणना गरियोस् र समावेश गरियोस् भन्ने हो ।

युवाको सोच, जोश र जाँगरका साथै अग्रजहरूको साथ, सहयोग र हौसलाबाट सुरु भएको यो अभियानले आज सकारात्मक दिशातिर आफ्नो पाइला लम्काइरहेको छ, जसबाट युवाले चाहेमा जुन कुरा पनि सम्भव छ भन्ने प्रमाणित गर्छ ।

यस अभियानलाई मूर्तरूप दिन सबै क्षेत्रबाट सकारात्मक सहयोग र साथ हुनु भने नितान्त आवश्यक छ ।

परिवर्तनको नारा बोकेर हिँडिरहेका परिवर्तनका शक्ति युवा, निरन्तर वकालत र पैरवी गरिरहने अधिकारकर्मी, सरकार, गैरसरकारी निकाय, नागरिक समाजका साथै सर्वसाधारण नागरिकको सहभागिता र साथ रहेमा यो अभियान गन्तव्यमा पुग्ने कुरामा दुईमत छैन ।

*(लेखक "मलाई गणना गर, समावेश गर" नामक युवा अभियानका अभियन्ता हुनुहुन्छ ।)*



# नेपालमा मनोसामाजिक अपाङ्गता
# चुनौती र व्यवस्थापन

■ सुजन श्रेष्ठ



■ कृपा सिग्देल



अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति हुन् । अपाङ्गताको यो परिभाषाले मानिसको बहु-आयामिक पक्षलाई समेटेको छ ।

त्यसैगरी, यस ऐनले मानसिक वा मनोसामाजिक अपाङ्गतालाई मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फूर्ति, स्मरणशक्ति, भाषा, गणना जस्ता बौद्धिककार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति भनेर परिभाषित गरेको छ । स्मरणीय कुरा के पनि छ भने अपाङ्गताको मूल परिभाषामा मनोसामाजिक अपाङ्गतालाई प्रमुखताका साथ समेटिएको छ ।

मानसिक समस्या भएका व्यक्तिहरू, जसका कारणले लामो समयसम्म आफ्नो काम, सम्बन्ध र सामाजिक जीवनमा अशक्तता पैदा गरेको छ र जसले भेदभावका साथै बहिस्कारसहित नकारात्मक सामाजिक कारकहरूको अनुभव गरेका छन्, त्यस्ता व्यक्तिलाई मनोसामाजिक अपाङ्गता भएका व्यक्ति भनेर बुझिन्छ ।

## मनोसामाजिक अपाङ्गताको अवस्था र चुनौती

मनोसामाजिक अपाङ्गता विश्वभरि एउटा गम्भीर स्वास्थ्य समस्याको रूपमा देखिएको छ । विभिन्न अनुसन्धानात्मक लेख र विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनले मनोसामाजिक समस्यालाई विश्वभरिका बिमारीको बोझको (global burden of diseases) एउटा प्रमुख कारकको रूपमा औँल्याइएको छ ।
विश्वभरि ७.५ देखि ११ प्रतिशत DALY (disability adjusted life year) मनोसामाजिक अपाङ्गताले निम्त्याउँछ भन्ने कुरा विभिन्न अध्ययनले देखाएको छ । सन् २०२० सम्ममा DALY मा यसको योगदान १५ प्रतिशतसम्म पुग्छ भन्ने प्रक्षेपण गरिएको छ । एक DALY भन्नाले अपाङ्गताका कारणले स्वास्थ्य-जीवनको एक वर्ष गुमाउनु भन्ने बुझिन्छ ।



विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार संसारभरि हरेक चारमध्ये एक जनालाई मानसिक समस्या हुन्छ । यस तथ्याङ्कलाई आधार मान्ने हो भने विश्व जनसङ्ख्याको २५ प्रतिशत मानिस कुनै न कुनै किसिमको मानसिक समस्याबाट ग्रसित हुन्छन् । नेपालको हकमा कति प्रतिशत जनसङ्ख्यामा मानसिक समस्या छ भन्ने तथ्याङ्क हाल उपलब्ध नभए पनि जनसङ्ख्याको ३० प्रतिशतमा कुनै न कुनै किसिमको मानसिक समस्या छ भन्ने अनुमान लगाइन्छ ।

नेपालको राष्ट्र स्वास्थ्य नीतिले पनि मानसिक समस्यालाई प्रमुख स्वास्थ्य चुनौतीको रूपमा लिएको छ । धेरै अध्ययनले नेपालमा मानसिक समस्याले निम्त्याउने मनोसामाजिक अपाङ्गताको दर आउने वर्षहरूमा बढ्दै जाने आँकलन गरेका छन् । यो अहिलेको सबैभन्दा डरलाग्दो कुरो हो । नेपालमा मनोसामाजिक अपाङ्गताको प्रमुख चुनौतीको रूपमा आत्महत्या विकरालरूपमा अघि आएको छ । विश्व स्वास्थ्य सङ्गठनले २०१२ मा गरेको अध्ययन अनुसार, नेपाल जनसङ्ख्याको अनुपातमा धेरै आत्महत्याको दर हुने देशको सूचीको सातौँ नम्बरमा छ । आत्महत्याको कारणलाई केलायौँ भने ९० प्रतिशत आत्महत्या मानसिक समस्याको उपज देखिएको छ ।

विशेषगरी युवा वर्ग (१५ देखि २९ वर्ष उमेर समूह) मा आत्महत्याको दर निकै धेरै देखिएको छ । नेपाल प्रहरीको तथ्याङ्कलाई आधार मान्ने हो भने गत १८ महिना (आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ को सुरुका ६ महिना) मा सात हजार १४४ जनाको आत्महत्याका कारणले मृत्यु भयो ।
नेपालमा आत्महत्याका कारणले हुने मृत्युको सङ्ख्यालाई ध्यान दिने हो भने यसको सङ्ख्या दुर्घटनाबाट हुने मृत्युको सङ्ख्याभन्दा धेरै हुन आउँछ । यी तथ्याङ्कले नेपालमा आत्महत्याको जोखिम उच्च देखाएको छ र

बेलैमा सरोकारवालाहरूले यसमा उचित कदम चाल्नु पर्ने पनि देखिएको छ । आत्महत्या कम गर्नका लागि सर्वमान्य उपाय भनेकै मनोसामाजिक अपाङ्गतालाई उचित सम्बोधन गर्नु हो ।




## अन्य अपाङ्गता र मनोसामाजिक अपाङ्गताबीचको सम्बन्ध

तथ्याङ्कमा हेर्ने हो भने विश्वभरिको १५ प्रतिशत जनसङ्ख्या अपाङ्गता लिएर बाँचिरहेका छ । नेपालको हकमा भने कुल जनसङ्ख्याको १.९६ देखि ३.६ प्रतिशत व्यक्तिमा कुनै न कुनै किसिमको अपाङ्गता भएको कुरा विभिन्न सर्वेक्षणले देखाएका छन् ।

अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिकरूपमा भेदभावपूर्ण व्यवहार र उपहास गरिएको लामो इतिहास छ तसर्थ अपाङ्गता भएका व्यक्तिहरूलाई कम आत्मासम्मान, सामाजिकरूपमा बहिस्करण, आर्थिकरूपमा वञ्चित भएको र समुदायमा आफ्नोपनको कमी महशुस हुने गरेका पाइन्छ ।

यी कुराले अपाङ्गता भएका व्यक्तिहरूको मानसिक स्वास्थ्यमा प्रतिकूल असर पार्छन् । यदि त्यसो भएको खण्डमा अन्य अपाङ्गता भएका व्यक्तिहरूमा पनि मानसिक समस्या हुनसक्ने सम्भावना प्रबल हुन्छ र नतिजास्वरूप मनोसामाजिक अपाङ्गता पनि हुनसक्छ ।

अपाङ्गता भएका व्यक्तिहरूमा मानसिक समस्या ठूलो चुनौतीको रूपमा देखिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसङ्ख्याको ३० प्रतिशतलाई मानसिक अवसाद (depression) हुने अध्ययनहरूले देखाउँछन्, जुन सामान्य जनसङ्ख्यामा हुने सम्भावनाभन्दा बढी हो । त्यसैगरी, अरू मानसिक समस्या र मादक पदार्थको दुर्व्यसनको जोखिम अपाङ्गता भएका व्यक्तिहरूमा उच्च देखिन्छ । यी कारणहरूले गर्दा उनीहरूमा मनोसामाजिक अपाङ्गता निम्तन सक्छ ।

अन्य अपाङ्गता भएका व्यक्तिहरूमा मनोसामाजिक अपाङ्गताले गर्दा उनीहरू दोहोरो मारमा पर्दछन् । एकातिर आफ्नो अवस्थाका कारणले उनीहरूले सामाजिकरूपमा बहिष्करण अनुभव गरिरहेका हुन्छन् भने त्यसैमा मनोसामाजिक अपाङ्गताले गर्दा थप सामाजिक भेदभाव, उपेक्षा, लाञ्छना खप्नु पर्ने हुन्छ । तसर्थ, सामान्य जनसङ्ख्यामा भन्दा अन्य अपाङ्गता भएका व्यक्तिहरूमा मनोसामाजिक अपाङ्गताको जोखिम धेरै नै देखिन्छ ।

## मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार

विश्वभरि मनोसमाजिक अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकारको उल्लङ्घन भएको महशुस गर्छन् । यस्ता समस्या विकसित देशहरूमा भन्दा पनि निम्न र मध्यम आय भएका देशहरूमा विकराल छन् ।

नेपाल लगायत १८ वटा निम्न तथा मध्यम आय

भएका देशमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका बारेमा भएको एउटा अध्ययन अनुसार निम्न मानव अधिकारहरूको उल्लङ्घन हुनेगरेको पाइन्छ :

* सामाजिक बहिष्करण र भेदभावपूर्ण व्यवहार
* रोजगारीको हक र अवसरमा निषेध या प्रतिबन्ध
* शारीरिक शोषण/हिंसा
* मानसिक स्वास्थ्य सेवाको पहुँचमा समस्या
* यौन शोषण/हिंसा
* गैरकानुनीरूपमा हिरासतमा लिने कार्य
* बिहेबारीको अवसरबाट वञ्चित गरिनु
* स्वतन्त्ररूपले जीउनका लागि साधनहरूको कमी
* सामान्य स्वास्थ्य सेवाबाट वञ्चित गरिनु

## आर्थिक शोषण

त्यसैगरी, कुन कुन परिवेशमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको माथि उल्लेखित मानव अधिकारहरू उल्लङ्घन हुन्छन् भन्ने सवालमा निम्न परिवेशहरू पहिचान गरिएका छन् :

* दैनिक जीवनमा हुने सामुदायिक परिवेश
* घर र पारिवारिक परिवेश
* काम गर्ने ठाउँ
* मानसिक स्वास्थ्य सेवा लिने ठाउँ र संस्था
* अस्पताल
* कारागार, प्रहरी र कानुनी व्यवस्था
* सरकारी कार्यालयहरू
* विद्यालय र शैक्षिक क्षेत्र



नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (**UNCRPD**) को हस्ताक्षरकर्ता देश हो । नेपालको नयाँ संविधानले पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई मौलिक हकको रूपमा समावेश गरेको छ ।

यो संवैधानिक प्रावधान र अन्तर्राष्ट्रिय दायित्वका साथै कर्तव्यले गर्दा सरकारलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्नु पर्ने वाध्यता छ । मनोसामाजिक अपाङ्गता अरू अपाङ्गता जस्तो सजिलै पहिचान गर्न गाह्रो हुने भएका कारणले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूका अधिकार सुनिश्चित गर्नु निकै चुनौतीपूर्ण काम छ । मनोसामाजिक अपाङ्गताको व्यवस्थापन

मनोसामाजिक अपाङ्गता व्यक्ति, समाज र राष्ट्रलाई ठूलो बोझ भए पनि यसमा नगण्य काम भएका छन् । नेपाल सरकारले मानसिक स्वास्थ्यलाई

दिने महत्व सरकारले मानसिक स्वास्थ्यलाई विनियोजन गर्ने बजेटबाट स्पष्ट हुन्छ, जुन कुल स्वास्थ्य बजेटको १ प्रतिशतभन्दा पनि कम हुन आउँछ । मनोचिकित्सक, मनोविद् र मनोविमर्शकर्ताहरू औँलामा गन्न सकिने सङ्ख्यामा छन् ।

तसर्थ, सर्वप्रथम मानसिक स्वास्थ्य र मनोसामाजिक अपाङ्गतालार्इ सरकारले प्राथमिकतामा राख्नु पर्छ । त्यसका लागि जोडतोडले यससम्बन्धी नीति, कानून र कार्यक्रमहरू ल्याउनुपर्छ । उपलब्ध मानव स्रोतको उचित व्यवस्थापन गरी यससम्बन्धी पढाइ र अनुसन्धानको निकै खाँचो छ ।

सर्वसाधारणमा यससम्बन्धी थोरै ज्ञान र धेरै मर्म व्याप्त छ, जसले गर्दा मनोसामाजिक अपाङ्गतालाई मानिसहरूले पूर्वजन्मको पाप र कलङ्कको रूपमा लिन्छन् । यस्तो गलत धारणाले समस्याको समाधान हुनेभन्दा पनि बढावा मिल्ने काम गरेको छ । तसर्थ, व्याप्त यस्ता भ्रमलाई चिर्न व्यापकरूपमा समुदायमा जनचेतना फैलाउने कार्यक्रम सञ्चालन गर्नु पर्ने टड्कारो खाँचो छ ।



घर परिवार, छिमेक र समुदायका व्यक्ति सम्मिलित समुदायमा आधारित मानसिक स्वास्थ्यको अवधारणालाई सबै ठाउँमा कार्यान्यवनमा लैजानुपर्छ । यसो गरेमा समुदायका मानिसलाई मानसिक स्वास्थ्य र मनोसामाजिक अपाङ्गताका बारेमा जिम्मेवार बनाउन सकिन्छ । मानसिक र मनोसामाजिक अपाङ्गता पनि समाधानका साथै व्यवस्थापन गर्न सजिलो हुन्छ ।

मनोसामाजिक अपाङ्गताको जोखिम अन्य अपाङ्गता भएका व्यक्तिहरूमा धेरै हुने भएकाले त्यस्ता व्यक्तिहरूको मानसिक स्वास्थ्यलाई विशेष प्राथमिकता दिई मानसिक समस्याहरूको सुरु अवस्थामा पहिचान, निदान र निवारण गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

त्यसैगरी, जोखिमयुक्त किशोर-किशोरी, युवा वर्ग, जेष्ठ नागरिक र गर्भावती महिलालाई पनि प्राथमिकता दिई मानसिक समस्याहरूको स्क्रिनिंग गरी उपयुक्त कदम चाल्नुपर्छ ।

अन्त्यमा, मनोसामाजिक अपाङ्गता हाम्रो देशमा गम्भीर समस्याको रूपमा अघि आएको छ । अपाङ्गताको कुरा गर्दा मनोसामाजिक अपाङ्गतालाई पनि प्राथमिकताका साथ स्थान दिनुपर्छ । जनमानसमा यसबारेको छलफल व्यापक बनाई यसबारेका सूचनालाई उचितरूपमा प्रचार-प्रसार गरेर व्याप्त भ्रमहरूलाई चिर्नुपर्छ ।

सरकारी तवरबाट यससम्बन्धी उचित नीति र कानून बनाएर तिनको कार्यान्वयनमा तदारुकता देखाउनुपर्छ । सामुदायिक र व्यक्तिगत तवरबाट यससम्बन्धी उचित सूचना लिई मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई समानुभूति प्रदान गर्दै उनीहरूको पुनःस्थापनामा सहयोग गर्नुपर्छ ।

*(लेखकद्वय मानसिक स्वास्थ्यका विषयमा काम गर्ने संस्था साइकविज्ञान नेटवर्क नेपालका संस्थापक हुनुहुन्छ । यसका साथै उहाँहरू दुवै जना मनोविज्ञान विषयका अध्यापक तथा व्यावसायिक मनोसामाजिक परामर्शदातासमेत हुनुहुन्छ ।)*

# झुल्कँदै आशाका किरण



■ निर्मला भण्डारी

सफलता जीवन जिउने आधार हो । सफलता अधरमा मुस्कान ल्याउने आधार हो । जीवनमा रङ्गीन सपनाहरू सजाउने आधार पनि यही सफलता नै हो । सफलता आखिर सानै किन नहोस्, त्यसले दिने खुसी र सन्तुष्टि अमूल्य हुन्छ । अझ सामाजिक बन्धन र अवरोधलाई तोड्दै प्राप्त गरेको उपलब्धिले पार्ने प्रभाव त झनै पृथक् हुन्छ ।

नेपाली समाजमा आज पनि यस्तो स्थिति छ कि त्यहाँ कसैले कुनै नयाँ काम गर्न खोज्यो भने उसलाई अनेकतरहबाट असफल बनाउन खोजिन्छ । मानिसको अठोट त्यतिबेला दृढ हुन्छ, जुनबेला उसलाई अगाडि बढ्नबाट रोक्न खोजिन्छ । यस किसिमको प्रवृत्ति विशेषगरी अपाङ्गता भएका व्यक्तिहरूले धेरैमात्रमा भोगिरहेका छन् ।

अपाङ्गता, त्यसमाथि महिला पनि हुनाले नेपाली समाजमा आज अपाङ्गता भएका महिलाहरूको स्थिति निकै नाजुक छ । दोहोरो सीमान्तीकरणका कारणले गर्दा आज धेरैजसो अपाङ्गता भएका महिलाहरू मूल प्रवाहमा आउन सकेका छैनन् । केही महिलाले त्यस्ता बन्धनलाई तोड्न सफल भए पनि स्थिति त्यति राम्रो भने हुनसकेको छैन । यहाँनेर म मेरो आफ्नै प्रसङ्गद्वारा केही कुरा प्रष्ट पार्न चाहन्छु ।

म एक सामान्य परिवारमा जन्मिएकी छोरी हुँ । म जन्मजात साङ्ग नै थिएँ । ममा कुनै पनि समस्या थिएन तर दिनहरू हामीले सोचेजसरी अगाडि बढ्न कहाँ सक्छ र ? एक दिनको कुरा हो, म करिब चार वर्षकी थिएँ, काठमाडौँस्थित सामाखुसीमा बाटो काटिरहँदा अचानक म सडक दुर्घटनामा पर्न पुगेँ । मैले मेरो खुट्टा गुमाउनु पर्‍यो । कलिलैमा खुट्टा गुमाउन पुग्दा मेरो बालमष्तिष्कमा कस्तो कुरा खेल्यो भन्ने कुरा त म राम्ररी सम्झन सक्दिँन तर यसले मेरो परिवारमा भने ठूलै चिन्ता निम्त्यायो भन्ने मलाई लाग्छ । यति हुँदाहुँदै पनि उहाँहरूले मलाई कहिल्यै फरक नजरले हेर्नु भएन । अरूलाई जस्तै मलाई पनि सधैँ सहयोग गर्दै जानुभयो । मेरा हरेक इच्छा र काममा मलाई साथ दिनुभयो र त म आज यस स्थितिमा छु ।

बाल्यकालमा मलाई आफ्नो खुट्टा नभए पनि निकै खुसी लाग्थ्यो । वैशाखीकै साहारा लिएर पनि म साथीहरूसँग दौडन सक्थेँ । वर्षा ऋतुमा विद्यालय जाँदा पानी जमेको बाटोहुँदै जानुपर्थ्यो । त्यसबेला मेरा साथीहरू इँटा खोज्दै हिलो पार गर्न खोज्थे तर म भने वैशाखिको सहाराले सजिलै हिलो पार गर्थें । कहिले त साथमा साना बहिनीहरूलाई बोकेरसमेत म हिलो पार गर्थे । म हरेक कुरामा साथीहरूको तुलनामा राम्रै थिएँ । त्यसकारणले मलाई आफूमा अपाङ्गता छ भन्ने सोच नै आउँदैनथ्यो । तर, समय बित्दै जाँदा समाजबाट अनेक कुराहरू सुन्न थालेँ । मेरो रूपलाई देखेर प्रशङ्सा गर्ने तर खुट्टा देख्नासाथ सहानुभूति दर्साउने व्यवहार हुनथाल्यो । यस्तो व्यवहारले मभित्रको उर्जा र चञ्चलतालाई कम गराउँदै लग्यो ।

समाजले गर्ने व्यवहार र देखाउने सहानुभूतिले मलाई झन् झन् कमजोर बनाउन थाल्यो । आफ्नो अपाङ्गता देखेर आफैँलाई अप्ठ्यारो लाग्न थाल्यो । तैपनि मैले हरेश भने खाइँन । त्यसकारण मैले आफ्नो एस.एल.सी. परीक्षा पनि राम्रै अङ्क ल्याई प्रथम श्रेणीमा उत्तीर्ण गरेँ ।

इच्छा अनुसारै एचए (HA) पढेँ । एचएको अध्ययन सकेर केही समय एउटा क्लिनिकमा काम पनि गरेँ । काठमाडौँको एउटा कलेजमा शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्वास्थ्य शिक्षा विषयमा स्नातक तहका लागि भर्ना भएँ । त्यहाँ मैले अनेक समस्या र चुनौतीको हुँदाहुँदै पनि पहिलो वर्ष पढेँ तर परीक्षाको नतिजामा मेरो प्राक्टिकलको मार्क्स आएन । खोज्दै जाँदा म एक शारीरिक अपाङ्गता भएकी व्यक्ति भएको र शारीरिक क्रियाकलापमा भाग लिन मैले नसक्ने शिक्षकको साँघुरो सोच र पाठ्यक्रममा पनि बन्देज रहेका कारण मेरो मार्क्स नआएको कुरा पत्ता लगाएँ । त्यसकारण मैले मेरो इच्छाहरूलाई मार्दै ग्रामीण विकास विषयमा स्नातक गरेँ ।

मेरो रुचि सानैदेखि खेलकुदमा थियो तर पनि शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले के के खेल खेल्न सक्छन् भन्ने कुरा मलाई पछिसम्म पनि थाहा भएन । संयोगवश कामविशेषले राष्ट्रिय अपाङ्ग महासङ्घको काठमाडौँको भृकुटीमण्डपमा रहेको कार्यालयमा पुग्दा त्यहाँ ह्विलचियर बास्केटबल खेल्ने दिदीसँग भेट भयो । त्यहाँबाट नै मेरो खेल जीवनको आरम्भ भयो । खेलकुदमा सक्रिय हुन थालेपछि मैले अपाङ्गता क्षेत्रलाई पनि विस्तारै बुझ्दै गएँ र बिस्तारै यसै क्षेत्रमा लागेर काम गर्ने रहर मभित्र जाग्नथाल्यो ।

बास्केटबल खेल्दै गर्दा म बिस्तारै पावर

तस्विर: लक्ष्मी प्रसाद ङाखुसी



लिफ्टिङतिर पनि आकर्षित हुनथालेँ । नेपाल पाराभारोत्तलन सङ्घका आदरणीय दाइहरूको प्रेरणा र हौसलाबाट मैले आफ्नो क्षमतालाई थप निखार्दै लग्नसकेँ । परिणामस्वरूप सन् २०१८ मा मैले दुई वटा गोल्ड मेडल हात पार्न सकेँ । गत अक्टोबरमा इन्डोनेसियामा आयोजित एसियाली पाराओलम्पिक गेममा नेपालको प्रतिनिधित्व गर्दै सहभागी हुने अवसर प्राप्त गरेँ ।

अहिले म खेलकुदकै माध्यमबाट समाजमा जनचेतना जगाउने र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गर्ने काममा सक्रिय छु । साथै, अपाङ्गता अधिकार र सवालका लागि पैरवी गर्ने र अभियानहरू चलाउने काममा पनि सक्रिय छु । कुनैबेला मलाई सहानुभूति दर्साउने मेरै आफ्ना नजिकका मानिसहरू आज मेरो कोठामा मेडलहरू झुन्डिएका देख्दा र मेरो खेल प्रदर्शन देख्दा अचम्मित छन् । उनीहरूको मप्रतिको दृष्टिकोणमा परिवर्तन आएको छ । मेरो क्षमता र कलाको सम्मान गर्दै अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भ पारेर युएन वुमन-नेपाल (UNWoman Nepal) ले नेपालका प्रेरक महिलामध्येमा मलाई पनि छानेको थियो, जुन मेरो लागि निकै ठूलो उपलब्धि हो ।

**कुनैबेला मलाई सहानुभूति दर्साउने मेरै आफ्ना नजिकका मानिसहरू आज मेरो कोठामा मेडलहरू झुन्डिएका देख्दा र मेरो खेल प्रदर्शन देख्दा अचम्मित छन् ।**

यी यस्ता उपलब्धि, जुन हेर्दा सामान्य नै किन नदेखियून्, यिनले मलाईमात्र होइन मेरो परिवारका साथै मलाई माया र सहयोग गर्ने सबैमा खुसी ल्याएका छन् । आज मैले मेरो यही खुसी अरूसँग साटेर अरूको मुहारमा पनि उत्साह भर्ने प्रयास गरिरहेकी छु । खेलकुदलाई नै माध्यम बनाएर नेपाली समाजमा व्याप्त अपाङ्गताप्रति राखिने साँघुरो सोचलाई हटाउन म अभियानकै रूपमा लागिरहेकी छु । यस अभियानले पक्कै पनि धेरैका मुहारमा हाँसो ल्याउन सक्छु भन्ने मैले आशा राखेकी छु ।

अपाङ्गता वरण गर्नु पर्ने प्रमुख कारणमध्ये सडक दुर्घटना पनि हो । सडक दुर्घटनाकै कारण बर्सेनि धेरै व्यक्तिले अपाङ्गता वरण गर्नु परेको छ । सडकको अस्तव्यस्तता होस् वा चालकको लापरबही, दुवै कारणले गर्दा हुने दुर्घटनाबाट कोही कसैले पनि अपाङ्गता वरण गर्नु नपरोस् भन्ने म चाहन्छु । यसै विषयमा आम जनमानसमा चेतना जगाउने मेरो ठूलो इच्छा छ । यस अघि पनि मैले यस विषयमा केही चेतनामूलक कार्यक्रमहरू गरिसकेकी छु । आगामी दिनहरूमा पनि यस किसिमका कार्यक्रमलाई अगाडि बढाउँदै जाने प्रतीज्ञा मेरो रहेको छ । यस किसिमका सकारात्मक सोच र चिन्तनले गर्दा नै आज ममा सकारात्मक आशाका किरण झुल्कँदै आएका अनुभव मैले गरेकी छु । म विश्वस्त छु कि पक्कै पनि एक दिन म आफूलाई एक सशक्त अभियन्ता र व्यावसायिक खेलाडीका रूपमा सबैसामु परिचित गराउने छु ।

यो त केवल मेरो सानो उदाहरणमात्र हो । यहाँ यस्तै आशाका किरणहरू अरूमा पनि झुल्कँदै आएका मैले अनुभव गरेकी छु । आशा छ पक्कै यी आशाका किरणले एक दिन नेपाली समाजमा झलमल्ल उज्यालो छर्नेछन् । समस्या र चुनौतीको रूपमा लिने गरिएको अपाङ्गतालाई अवसरको रूपमा प्रमाणित गर्ने छन् ।

*(लेखक स्नातकोत्तर अध्ययनरत विद्यार्थी हुनुहुन्छ । साथै, युवाका सवालसँग सम्बन्धित अभियानहरूमा समेत सक्रिय हुनुहुन्छ ।)*

# पुरुषहरूको मात्रै खेल होइन क्रिकेट

**नेपालमा अपाङ्गता भएका महिलाहरूले महिलाले पनि उत्तिकै राम्रो क्रिकेट खेल्न सक्छन् भन्ने सावित गरेका छन् ।**



यूएनडीपी पाकिस्तान

१. क्रिकेट नेपालको चर्चितमध्येको खेल हो । क्रिकेटलाई संसारभरि जेन्टलमेन्स गेम अर्थात विशेषगरी पुरूषहरूले मात्रै खेल्ने खेल भन्ने गरिन्छ । नेपालको राष्ट्रिय क्रिकेट टोलीले पनि द्रुतगतिमा प्रगति गरिरहेको छ । हालैमात्रै नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई हराउँदै आफ्नो पहिलो एकदिवसीय श्रृंखला (सिरिज) जितेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा नाम कमाउन सफल भएको हामीलाई थाहै छ ।

२. नेपालका केही जाँगरिला महिलाले क्रिकेट केवल पुरुषका लागि हो भन्ने मान्यतालाई गलत प्रमाणित गर्दैछन् । यही फागुन महिनामा नेपालको नेत्रहीन महिला क्रिकेट टोली पाकिस्तानको इस्लामावादमा भएको पहिलो अन्तर्राष्ट्रिय महिला नेत्रहीन क्रिकेट प्रतियोगिता जितेर स्वर्ण पदक र शिल्डका साथ फर्केको छ । यो अभूतपूर्व उपलब्धि अपाङ्गता भएका व्यक्तिहरूमा रहेको प्रभावशाली क्षमताको एउटा उदाहरणमात्र हो ।

युनिसेफ पाकिस्तान/२०१९/सैयना बसिर




युनिसेफ पाकिस्तान/२०१९/सैयना बसिर





युनिसेफ नेपाल/२०१३/किरण पाण्डे




युनिसेफ नेपाल/२०१३/ नरेन्द्र श्रेष्ठ

३. संसारका एक अर्ब अथवा १५ प्रतिशत मानिसमा कुनै न कुनैरूपमा अपाङ्गता रहेको हुन्छ । यिनीहरूमध्ये ८० प्रतिशत नेपाल जस्ता विकासोन्मुख देशहरूमा बस्ने गर्छन् । उनीहरूले आफूमा रहेको पूरा क्षमताको प्रयोग गर्नका लागि धेरै ठूला अवरोधहरूको सामना गर्नुपर्छ ।

४. अपाङ्गता भएका किशोरी तथा महिलाले प्रायजसो अपमान र हिंसासहितका बहुसामाजिक अवरोधहरूको सामना गर्नुपर्छ । संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषको २०१८ को प्रतिवेदनका अनुसार अपाङ्गता भएका महिलाले आफ्नै उमेरका अपाङ्गता नभएका महिलाको भन्दा १० गुणा ज्यादा लैङ्गिक हिंसाको सामना गर्नुपर्छ ।

युनिसेफ पाकिस्तान/२०१९/सैयना बसिर




५. यदि अपाङ्गता भएका व्यक्तिहरूले आफूमा रहेको क्षमताको अधिकतम उपयोग गर्ने वातावरणको सिर्जना हुने हो भने उनीहरूले देशको विकासमा समेत योगदान गर्न सक्छन् । नेपाल नेत्रहीन महिला क्रिकेट टोलीको यो जीत यसको ज्वलन्त उदाहरण हो । "पाकिस्तानका नेत्रहीन महिलाको क्रिकेट टोलीविरूद्धको प्रतियोगिता आफैँमा एउटा नयाँ किसिम इतिहास हो । हामीले खेलका साथै यात्राको पनि आनन्द लियौं । हामीलाई आशा छ, पाकिस्तानको टोली पनि चाँडै नै नेपाल आउने छ र हामीले खेल जारी राख्नेछौँ", भगवती (२६), नेपाली टोलीका कप्तान ।




युनिसेफ पाकिस्तान/२०१९/सैयना बसिर

९. नेपाल र पाकिस्तानका नेत्रहीन महिला क्रिकेट टोलीबीचमा हालै सम्पन्न टी -20 अन्तर्राष्ट्रिय श्रृंखलाबाट यो महशुस गर्न सकिन्छ कि खेलकुद वास्तवमा एउटा यस्तो मञ्च हो, जसबाट अपाङ्गता भएका किशोरी तथा महिलाले आफ्नो क्षमताको पूर्ण उपयोग गरेर आफूलाई थप सशक्त बनाउन सक्छन् । यसबाट उनीहरूको जीवन त बद्लिन्छ नै, समाजमा रहेको महिलाप्रतिको दृष्टिकोण पनि फेरिँदै जान्छ ।



युनिसेफ पाकिस्तान/२०१९/सैयना बसिर

१०. अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि स्वास्थ, शिक्षा, सामाजिक सुरक्षाका साथै रोजगारी जस्ता आधारभूत सेवा तथा अधिकारहरूमा समान पँहुचको प्रावधान रहेको छ । अबको समय भनेको अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो दैनिक जीवनमा भोग्नु पर्ने अवरोधहरूलाई सबै मिलेर हटाउने हो । त्यसकारण, समावेशी समाजको निर्माणमा अग्रसर होऔँ ।

*(यो फोटो कथा युनिसेफ नेपाल र युनिसेफ पाकिस्तानद्वारा संयुक्तरूपमा तयार गरिएको हो ।*
*यो सामग्री युनिसेफ नेपालको सहमितमा नेपालीमा अनुवाद गरी प्रकाशन गरिएको हो ।)*

# गतिविधि तथा समाचार

## अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अनुगमन प्रशिक्षक प्रशिक्षण

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले माइराइटको सहकार्यमा सातवटै प्रदेशका मानव अधिकार अनुगमन कार्यदललाई तीन दिने प्रशिक्षक प्रशिक्षण (MTOT) सञ्चालन गर्‍यो ।



मङ्सिर ३ देखि ५ गतेसम्म सञ्चालन गरिएको र महासङ्घका महासचिव राजु बस्नेतले उद्‌घाटन गर्नु भएको कार्यक्रममा माइराइटका राष्ट्रिय संयोजक श्री शिव रायमाझीले सम्बोधन गर्नुभयो । प्रशिक्षणका क्रममा मानव अधिकार अनुगमन, मानव अधिकार के हो र यो कसरी आयो, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र- १९४८, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुन र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, यूएनसीआरपीडीका सिफारिस, मानव अधिकार अनुगमन भनेको के हो, अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार र यसका विशिष्टता, नेपालमा मानव अधिकारसम्बन्धी काम गर्ने संयन्त्र, मानव अधिकार उलङ्घन र उजुरी प्रक्रियाका बारेमा जानकारी गराइयो ।

त्यसैगरी, अपाङ्गतासम्बन्धी नीति, कानुन, नियम, निर्देशिकाहरूमा थप जानकारी (संविधानमा भएका व्यवस्था, अपाङ्गता अधिकार ऐन, समावेशी शिक्षा नीति, पहुँचसम्बन्धी निर्देशिका) अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार अनुगमन चेक लिष्ट, अनुगमनका क्रममा आइपर्ने समस्या, सूचना सङ्कलनका लागि अपानउनु पर्ने होसियारी, प्रमाण संकलन र सुरक्षासम्बन्धमा छलफल, समूहकार्य, सामुलेशन तथा प्रस्तुति तथा अभ्यास जस्ता कार्य गरिए ।

## 'काउण्ट मी' अभियानको औपचारिक सुरुवात

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको आयोजनामा मङ्सिर १५ गते "मलाई गणना गर, समावेश गर" अभियान औपचारिकरूपमा सुरु भएको छ । अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको पूर्वसन्ध्यामा अभियान सुरु गरिएको हो ।



नेपाल सरकारले वर्गीकरण गरेको अपाङ्गता भएका व्यक्तिहरूको ११ प्रकारलाई प्रतिनिधित्व गर्ने गरी काठमाडौँको भद्रकालीमा रहेको चौतारामा नेपालको नक्साभित्र ११ वटा मैनबत्ती बालेर अभियानको औपचारिक शुभारम्भ गरिएको हो ।

महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीको अध्यक्षतामा अपाङ्गता क्षेत्रमा क्रियाशील विभिन्न वर्गका अपाङ्गता भएका युवाले मैन प्रज्वलन गरी अभियान सुरु गरेका हुन् ।

## 'मानव पहिले' कार्यक्रम

अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भ पारेर मङ्सिर १८ का दिन राष्ट्रिय अपाङ्ग महासङ्घले काठमाडौँको घण्टाघर अगाडिको जेब्रा क्रसिङ्गमा मानव पहिला (Human First) ट्राफिक जागरण कार्यक्रम आयोजना गर्‍यो । नेपालमा हरेक वर्ष औषत दुई हजार जनाको सडक दुर्घटनामा परेर मृत्यु हुनेगरेको छ भने हरेक वर्ष औषत झण्डै सात हजार जना सडक दुर्घटनामा परी घाइते हुनेगरेका छन् । सडक दुर्घटनाबाटै अधिकांश व्यक्ति अपाङ्गताको अवस्थामा बाँच्न बाध्य छन् ।



सडक दुर्घटनाका विभिन्न कारण हुनसक्छन तर सवारी चलाउँदा बाटो काट्दै गरेको मान्छेलाई मात्रै ध्यान दिनसकेमा पनि दुर्घटनामा पर्नबाट धेरै मानिसलाई जोगाउन सकिन्छ । सवारी दुर्घटनामा परेर आफूले सानै उमेरमा अपाङ्गता भएको व्यक्ति हुनुपरेकोले आफूजस्तै अवस्था अरूले व्यहोर्न नपरोस् भनेर आफू यस अभियानमा लागेको अभियानकी मुख्य अभियन्ता निर्मला भण्डारीले बताउनुभयो ।

## सामाजिक सञ्जाल अभियान

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले अपाङ्गता भएका व्यक्तिहरूलाई गरिने बहिष्करण, विभेद र उपेक्षाविरूद्ध संसारभरि आवाज उठाउन र समाजमा अपाङ्गता भएका व्यक्तिका मागहरूका पक्षमा जनमत तयार गर्न १५ दिने #CountMeIncludeMe सामाजिक सञ्जाल अभियान सञ्चालन गर्‍यो ।

२७औँ अपाङ्गता दिवसको अवसर पारेर सञ्चालन गरिएको अभियानको मुल उद्देश्य अपाङ्गता भएका व्यक्तिहरू पनि अन्य व्यक्तिसरह समान अधिकार भएका व्यक्तिहरू हुन् र उनीहरूलाई जीवनका हरेक पक्षमा समान हैसियतका साथ गणना गरिनुपर्छ भन्ने हो ।

यस अभियानमा जोसुकैले पनि आफ्नो सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, इन्स्टाग्राम आदि) मा अपाङ्गतासम्बन्धी विभेदका वा सफलताका कथालाई पोस्ट गर्न सक्ने व्यवस्था थियो ।

## पँहुचयुक्तता अवार्ड प्रदान

अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले पहुँचयुक्तता अवार्ड प्रदान गरेको छ । अन्तर्राष्ट्रिय दिवस मुल समारोहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा सञ्चालनमा रहेको सामुदायिक

जनजागरण पुस्तकालयलाई अवार्ड प्रदान गर्नुभयो ।

जनजागरण पुस्तकालयले सबै संरचनालाई सबै किसिमका अपाङ्गता भएका व्यक्तिले समेत सहजरूपमा प्रयोग गर्न सक्ने बनाएर सामाजिक उत्तरदायित्व निर्वाह गरेकोमा अवार्ड प्रदान गरिएको हो ।

## समावेशी शिक्षासम्बन्धी कार्यशाला

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले उद्घाटन गर्नुभएको समावेशी शिक्षासम्बन्धी दुई दिने कार्यशाला गोष्ठी प्रतिबद्धतापत्र जारी गर्दै सम्पन्न भएको छ ।




मङ्सिर २० र २१ गते काठमाडौंमा आयोजित गोष्ठीको उद्घाटन गर्दै मन्त्री पोखरेलले विगतदेखि अपाङ्गता भएका व्यक्तिको शिक्षामा पहुँच अभिवृद्धिका लागि भए-गरेका कुराहरूको पुनरावलोकन गर्दै अब थप गर्नु पर्ने विषयवस्तुबारे सुझाव दिन सहभागीहरूसँग अनुरोध गर्नु भयो । उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह एउटै पाठ्यक्रम र पद्धतिमार्फत शिक्षा प्रदान गर्न प्रयास गर्ने तर त्यसले समेट्न नसकेका समूहलाई विशेष व्यवस्था गरेर भए पनि सबैलाई शिक्षाको पहुँचमा ल्याउने हाल सरकारको नीति रहेको जानकारी दिनुभयो ।

कार्यक्रमको उद्घाटन समारोहका अध्यक्षसमेत रहनुभएका राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले आफूहरूले नेपाल सरकारलाई नै सघाइ रहेको बताउनुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वय एवं राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, सीबीएम, ह्युमानिटि इन्क्लुजन र आरसीआरडी भक्तपुरसँगको साझेदारीमा यो कार्यक्रम आयोजना गरेको हो ।

उद्घाटन सत्रमा अनुसन्धानकर्ता सपना बस्नेत विष्ट, सांसदहरू प्रकाश पन्त र जीवन बुढालगायतले गोष्ठीको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

## अपाङ्गतासम्बन्धी तथ्याङ्क प्रणालीको थालनी

अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित सबै प्रकारका तथ्याङ्क तथा जानकारी एकै ठाउँमा पहुँचयुक्त ढङ्गबाट उपलब्धत गराउने उद्देश्यले अपाङ्गतासम्बन्धी खुला तथ्याङ्क प्रणाली (पोर्टल) सुरु गरिएको छ ।



राष्ट्रिय अपाङ्गता महासङ्घ नेपालले मङ्सिर २५ गते काठमाडौँमा आयोजना गरेको कार्यक्रममा नेपाल अपाङ्गता पोर्टल को विमोचन गरिएको हो ।

त्यस अवसरमा महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीले अबका दिनमा हिमालदेखि तराईसम्मका सबै अपाङ्गता भएका व्यक्तिहरूको अवस्था र राज्यका सेवा-सुविधाहरूमा पहुँचको सुनिश्चितताका लागि वास्तविक तथ्याङ्कको आवश्यकता रहेको बताउनु भयो ।

कार्यक्रममा तथ्याङ्क विभागका उपमहानिर्देशक नवीललाल श्रेष्ठले यस प्रकारको पोर्टलले अपाङ्गतासम्बन्धी सबै जानकारी एकै स्थानमा उपलब्ध हुने साझा टोकरीको रुपमा कार्य गर्नेमा विश्वस्त भई २०७८ सालको जनगणनामा अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कमा पहुँच बढाउन यस पोर्टलले ध्यानाकर्षण गरेको बताउनुभयो ।

एसिया फाउन्डेसनको विकासका लागि तथ्याङ्क परियोजनाको सहकार्यमा यो पोर्टल निर्माण भएको हो । यसको प्रयोगका लागि www.nepaldisabilityportal.org मा जान सकिन्छ ।

## पहुँचयुक्तता परीक्षण प्रतिवेदन सार्वजनिक

पहुँचयुक्तता परीक्षण गर्दा काठमाडौँ उपत्यकाभित्रका १५० वटा विभिन्न सार्वजनिक संरचना अपाङ्गता भएका व्यक्तिहरूका लागि पूर्णरूपमा पहुँचयुक्त नभएको पाइएका छन् । तीमध्ये १८ वटामात्र केहीमात्रामा पहुँचयुक्त पाइए ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले काठमाडौँ महानगरपालिकासँगको सहकार्य एवं सीबीएम नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको साझेदारीमा गरिएको पहुँचयुक्तता परीक्षणपछि मङ्सिर २६ गते काठमाडौँमा सार्वजनिक प्रतिवेदनमा यस्तो अवस्था पाइएका हो ।




काठमाडौँ महानगरपालिका प्रमुख (मेयर) विद्यासुन्दर शाक्यको प्रमुख आथित्यमा सम्पन्न त्यस कार्यक्रममा महासङ्घद्वारा पहुँचयुक्तता प्रवर्द्धनका लागि तयार पारिएका अन्य प्रकाशनसमेत सार्वजनिक गरिए ।

त्यस अवसरमा मेयर शाक्यले पहुँचयुक्तता प्रतिवेदनले दिएका सुझाव कार्यान्वयनका लागि सबैले साथ दिनु पर्ने बताउँदै अपाङ्गताका क्षेत्रमा गर्नु पर्ने थप कामको समीक्षा गरेर सबैखाले संस्था र व्यक्तिहरूको प्रतिनिधित्व गर्दै एकमुष्ठरूपमा प्रस्ताव गर्न महासङ्घलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी, सीबीएमका शौरब शर्मालगायतका वक्ताले पहुँचयुक्ततासम्बन्धी निर्देशिका जारी भएको ५ वर्ष बितिसक्दासमेत कार्यान्वयनको अवस्था नाजुक हुनु विडम्बना भएको भन्दै पहुँचयुक्तता परीक्षण प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि सबैले मिलेर काम गर्नु पर्ने अवस्था आएको बताउनुभयो ।

## मुनिश्वर स्मृति दिवस मनाइयो

राष्ट्रिय अपाङ्ग महासङ्घले पुस १ गते महासङ्घका पूर्व अध्यक्ष मुनिश्वर पाण्डेको स्मृति दिवस मनाएको छ । राष्ट्रिय अपाङ्ग महासङ्घको वि.सं. २०५६ को महाधिवेशनबाट पहिलो पटक अध्यक्षमा निर्वाचित स्वर्गीय पाण्डे २०५९ मा भएको अर्को महाधिवेशनबाट दोस्रो कार्यकालका लागि पनि निर्वाचित हुनुभएको थियो ।



अपाङ्गता भएका व्यक्तिहरूका हकहित र अधिकारका लागि स्थापित महासङ्घलाई उच्च स्थानमा ल्याउने श्रेय मुनिश्वर पाण्डेलाई जाने जानकारहरू बताउँछन् ।

राष्ट्रिय अपाङ्ग महासङ्घका सङ्घीय अध्यक्ष सुदर्शन सुवेदीले मुनिश्वर पाण्डे राष्ट्रिय अपाङ्ग महासङ्घका पूर्व अध्यक्षमात्र नभएर अपाङ्गता आन्दोलनलाई नयाँ उचाइमा पुर्‍याउन अथक र अविरल लागिरहेका कर्मशील योद्धा भएको बताउनुभयो ।

महासङ्घका सङ्घीय उपाध्यक्ष टीका दाहालले पनि मुनिश्वर पाण्डे अपाङ्गताको सवाललाई मानव अधिकारको सवाल बनाउन र अधिकारमुखी अवधारणालाई स्थापित गर्न सफल अधिकारकर्मी भएको र आफूहरू पनि उहाँकै चेलाचेली भएको बताउनुभयो ।

## सीप साझेदारी कार्यशाला

महासङ्घले अपाङ्गता भएका र नभएका युवाबीच एक-अर्कासँग रहेका सीप, ज्ञान तथा रोजगारीका अवसरहरू साझेदारी गर्ने उद्‌देश्यसहित सीप साझेदारी कार्यशाला आयोजना गरेको छ ।

डीआरपीआई परियोजनाको सहयोगमा पुस २ गते आयोजित कार्यशालामा सहभागी ६० जना युवा सहभागीले रोजगारीका क्षेत्रमा आफ्ना सङ्घर्ष तथा सफलताका कथा सुनाए भने यसबाट रोजगारी प्रवर्द्धनका क्षेत्रमा नयाँ पहलकदमी सुरूभएको छ ।




समावेशी कार्यस्थल निर्माणमा अपाङ्गता भएका र नभएका व्यक्तिहरूबीच सञ्जाल बनाउनु ज्यादै आवश्यक हुने र यस्ता कार्यक्रमबाट विकास भएको चिनजानले कुनै पनि व्यक्तिको अपाङ्गतामा नभई उसमा भएको ज्ञान र सीपमा केन्द्रित हुन मद्‌दत गर्छ ।

कार्यक्रममा मुख्य सहजकर्ता मानव संसाधन विषयका विज्ञ विशाल दाहाल रहनुभएको थियो भने महासङ्घका रोजगारीसम्बन्धी परियोजनाका संयोजक सागर प्रसाईं र रोजगार समन्वय संयोजक किरणराज पौडेलले पनि आफ्नो अनुभव प्रस्तुत गर्नुभयो ।

# अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रियस्तरको अनुभव आदन-प्रदान

कुष्ठप्रभावित तथा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका समस्या तथा चुनौतीका साथै असल अभ्यासका प्रयासहरू राष्ट्रिय तथा दक्षिण एसियालीस्तरमा एक अर्कासंग आदान प्रदान गर्ने एक साझा थलो बनाउने उद्देश्यले काठमाडौंमा अपाङ्गता भएका व्यक्तिहरूको अन्तराष्ट्रिय स्तरको अनुभव आदन प्रदान कार्यक्रम आयोजना गरियो ।

अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय संस्था (DPI) को आयोजना तथा निपोन फाउन्डेसन र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालसँगको समन्वयमा पुस ४ देखि ६ गतेसम्म चलेको कार्यक्रममा बङ्गलादेश तथा भारतकाका नेपालका अपाङ्गता क्षेत्रमा कृयाशील व्यक्ति एवं संस्थाका प्रतिनिधि गरी करिब ३०० जनाको सहभागिता रह्यो ।
कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूको सवालको साझा माध्यमको रुपमा लिइएको यस कार्यक्रमलाई अपाङ्गता क्षेत्रमा भएको उदाहरणीय कार्यको लिन सकिन्छ ।

नेपालमा कुष्ठ प्रभावित व्यक्तिहरूको अवस्था तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, रोजगारी तथा अन्य अवस्था, नेपालका कानुनी व्यवस्थाका बारेमा नेपालका तर्फबाट राष्ट्रिय अपाङ्ग महासङ्घका प्रशासकीय व्यवस्थापक मनिष प्रसाईं, कुष्ठरोग नियन्त्रण महाशाखाका शाखा प्रमुख डा. रवीन्द्र बास्कोटा, सांसद प्रकाश पन्थ, विश्व स्वास्थ्य सङ्घ अन्तर्गतको मानसिक स्वास्थ्यका सम्पर्क व्यक्ति डा. केदार मराहाथा) तथा इनेवलमेन्ट नेपालका व्यवस्थापक सवित्री दाहालले प्रस्तुति गर्नुभयो ।

बङ्गलादेशबाट प्रतिनिधित्व गर्नुभएकी सलमा महबुवले बङ्गलादेशमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था र सरकारले गरेका व्यवस्थाका बारेमा जानकारी गराउनु भयो ।

डीपीआई (DPI) भारतका निर्देशक अरमान अलीले आफ्ना अनुभव सुनाउँदै अपाङ्गताका क्षेत्रमा



सबै अपाङ्गता भएका व्यक्तिहरूको एकीकृत अधिकारको मर्म बुझ्नुपर्ने बताउनुभयो । उहाँले कुष्ठ प्रभावित तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूको अझै पनि शिक्षा, रोजगारी, स्वास्थ्य तथा अन्य आधारभूत क्षेत्रहरूमा पहुँचको कमी भएको बताउनुभयो ।

नेदरल्याण्ड लेप्रोसी रिलिफ नेपालका तर्फबाट उपासना रेग्मीले कुष्ठ प्रभावित अपाङ्गता भएका व्यक्तिहरूका लागि भएका विभिन्न कार्यक्रमबाट भएको सिकाइका बारेमा बताउनुभयो ।




कार्यक्रमको दोस्रो दिन अवलोकनका लागि सबै सहभागी ललितपुरमा रहेको आनन्दवन अस्पताल पुग्दा भारत र बङ्गलादेशबाट आउनुभएका कुष्ठ प्रभावित व्यक्तिहरूले पनि आफ्ना अनुभव अस्पतालमा रहेका व्यक्तिहरूबीच आदन-प्रदान गर्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूको अन्तराष्ट्रिय संस्था (DPI) को कोषाध्यक्ष एवम् राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष श्री सुर्दशन सुवेदीले संयोजन तथा सहजीकरण गर्नुभएको कार्यक्रमको अन्तिम दिन सहभागीहरूले कार्यक्रमबाट भएका सिकाइ एवं उपलब्धिका बारेमा जानकारी गराउनु भयो ।

# प्रदेशस्तरीय रोजगार प्रवर्द्धन भेला

अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी प्रवर्द्धनका लागि स्थानीय सरोकारवालाबीच संवाद सुरु होस् भन्ने उद्‌देश्यसहित राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले प्रदेश १ र गण्डकी प्रदेशमामा प्रदेशस्तरीय रोजगार प्रवर्द्धन भेला आयोजना गर्‍यो ।

गण्डकी प्रदेशको पोखरामा पुस ५ गते र प्रदेश १ को विराटनगरमा पुस ८ गते भएका भेलामा स्थानीय रोजगारदाता, अपाङ्गता भएका व्यक्तिहरू, सीप प्रदायक संस्थाका प्रतिनिधि, होटल तथा पर्यटन व्यवसायी, सरकारी अधिकारी, पत्रकार तथा जनप्रतिनिधिको सहभागिता रह्यो ।
भेलामा अपाङ्गता भएका व्यक्तिहरूले आफूमा भएको योग्यता, सीप तथा अनुभव अन्य सहभागीलाई सुनाए भने रोजगारदाता तथा सीप प्रदायकहरूले आफ्नो संस्थामार्फत प्रदान हुँदै आएका सेवा र अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध अवसरका बारेमा जानकारी दिँदै अपाङ्गता भएका केही व्यक्तिलाई रोजगारीका अवसर प्रदान गर्ने प्रतिबद्धता पनि जनाए ।

दुवै ठाउँका भेलामा जनप्रतिनिधिहरू उपस्थित भएर आफ्नो उपमहानगरपालिकाको बजेटमा अपाङ्गता भएका व्यक्तिहरूका केही कार्यक्रम छुट्याएको र आगमी दिनमा रोजगारी प्रवर्द्धनसहितका थप



कार्यक्रम ल्याउँदै जाने जानकारी दिए । दुवै स्थानमा आयोजित डीआरपीआईसँगको सहकार्यमा सञ्चालन भएका हुन ।

## निजामती सेवामा कोटा कटौतीको विरोध

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले सङ्घीय निजामती सेवा ऐनमा अपाङ्गता भएका व्यक्तिहरूको आरक्षण प्रतिशतबाट र सेवा प्रवेश उमेरको हद घटाएर संसद्मा ल्याइएको विधेयकको विरोध गरेको छ ।

निजामती सेवा ऐनमा अपाङ्गता भएका व्यक्तिहरूको आरक्षण ५ प्रतिशत र सेवा प्रवेशको उमेरहद ४० वर्ष रहेकोमा प्रस्तावित विधेयकमा ती दुवैलाई घटाएर आरक्षण ३ प्रतिशत र उमेरहद ३५ वर्ष बनाइएको छ ।



महासङ्घले ऐनमा रहेका हालका व्यवस्था यथावत राख्न आफ्ना सदस्य संस्थाका साथै राजनीतिक दलका अपाङ्गताको सवाल हेर्ने भातृ सङ्गठनसँगको सहकार्यमा माघ २९ गतेदेखि निरन्तर जनवकालत र सम्बन्धित निकाय र सरोकारवालामाथि शान्तिपूर्ण दवाव दिने काम गरिरहेको छ ।

यसक्रममा महासङ्घको नेतृत्वमा फागुन २ गते प्रतिनिधिसभाका सदस्यहरूलाई भेटेर अवस्थाका बारेमा जानकारी गराउँदै महासङ्घका मागमा गम्भीररूपले सोचेरमात्र निर्णय गर्न अनुरोध गरियो ।

फागुन ३ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री, कानून न्याय तथा संसदीय व्यवस्थामन्त्री, नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ, सचेतक शान्ता चौधरी र प्रतिनिधिसभाका सदस्यहरूलाई भेटेर त्यस विषयमा ध्यानाकर्षण गराइयो ।

यसैगरी, फागुन ४ गते नेकपाका अध्यक्ष पुष्पकमल दहाल र कार्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूलाई भेटेर लिखित मागसहित ध्यानाकर्षण गराइयो । साथै, प्रतिनिधिसभाका सबै २७५ सदस्यलाई मोबाइल सन्देश पनि पठाइएको छ ।

फागुन ५ गते कार्य व्यवस्था समितिका सभापति र प्रतिनिधिसभाका अन्य सदस्यका साथै नेपाली काँग्रेसका सचेतकलाई भेटेर ध्यानकर्षणपत्र बुझाइयो ।



# अपाङ्गता समावेशी विकास तालिम

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले प्रदेश र सङ्घीयस्तरमा अपाङ्गताका क्षेत्रमा कृयाशील जनशक्तिलाई समावेशी अपाङ्गता विकाससम्बन्धी तालिम दिई अपाङ्गताको विषयमा उनीहरूलाई सशक्त गर्न अपाङ्गता समावेशी विकास तालिम आयोजना गरेको छ ।

एटलास एलाइन्स सँगको साझेदारीमा आयोजित तालिममा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाका कृयाशील नेता तथा नर्वेजियन साझेदारी सदस्य संस्थाका प्रतिनिधिको सहभागिता रह्यो ।



तालिममा सङ्घीयस्तरबाट महासङ्घका उपाध्यक्ष टीका दाहाल, नेपाल नेत्रहीन सङ्घका कार्यकारी निर्देशक नरबहादुर लिम्बु तथा बौद्धिक अपाङ्गता अभिभावक महासङ्घका टीकाराम सापकोटाले प्रदेशस्तरबाट स्थानीय सहजकर्ताले सहजीकरण गर्नुभयो ।

प्रदेश १ को विराटनगरमा ५ डिसेम्बर, प्रदेश २ को जनकपुरमा ७ डिसेम्बर, प्रदेश ३ को भक्तपुरमा २९ नोभेम्बर, गण्डकी प्रदेशको पोखरामा १ डिसेम्बर, प्रदेश ५ को बुटवलमा २५ डिसेम्बर, कर्णाली प्रदेशको सुर्खेतमा २५ डिसेम्बर, सुदूरपश्चिमको धनगढीमा २७ डिसेम्बर र काठमाडौँमा नर्वेजियन साझेदारी सदस्य संस्थाहरूलाई तालिम प्रदान गरियो । तालिमहरूमा १४७ पुरुष र ११० महिलाको सहभागिता रह्यो ।

# अभिमुखीकरण तालिम

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको सङ्घीय बोर्ड तथा प्रदेशका मुख्य पदाधिकारीहरूलाई लक्ष्य गरी सङ्घीय प्रणाली, राष्ट्रिय अपाङ्ग महासङ्घको नयाँ संरचना तथा विद्यमान अपाङ्गतासम्बन्धी कानुनी प्रावधान तथा नीतिगत व्यवस्थासम्बन्धमा एक दिने अभिमुखीकरण तालिम आयोजना गरियो । महासङ्घमा सञ्चालित एफएफओ नर्बे परियोजना अन्तर्गत आयोजना गरिएको कार्यक्रममा महासङ्घका सङ्घीय बोर्डका सबै सदस्य तथा पदाधिकारी, प्रदेशका मुख्य पदाधिकारी तथा कर्मचारीको उपस्थिति रह्यो ।

काठमाडौमा मङ्सिर २ गते आयोजना गरिएको कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तर्फबाट सङ्घीय प्रणालीका बारेमा प्रस्तुति गरियो ।



अन्तरक्रियात्मकरूपमा गरिएको कार्यक्रममा सहभागीका सङ्घीय प्रणालीसम्बन्धी जिज्ञासाको मन्त्रालयका प्रतिनिधिले जवाफ दिनुभयो ।

## सीआरपीडी समितिको मन्तव्य तथा सिफारिश वितरण




राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले यूएनसीआरपीडी समितिको समापन मन्तव्य र यसले प्रदान गरेका सिफारिससम्बन्धमा अन्तरक्रिया तथा अनुभव आदान-प्रदान कार्यक्रम गरियो ।

सरकारी तथा गैरसरकारी निकायका सरोकारवालाबीच संयुक्त राष्ट्रसङ्घ "अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि" को सिफारिस कार्यान्वयनबारे अन्तरक्रिया गर्नु कार्यक्रमको मूल उद्‌देश्य हो ।
डीपीओडीको सहयोग तथा कोशिश नेपालको सहकार्यमा मङ्सिर १२ गते काठमाडौंमा आयोजित कार्यक्रममा सीआरपीडीको आवधिक प्रतिवेदन प्रस्तुत गरियो ।

कार्यक्रममा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षा तथा चौतर्फी विकासमा देखापरेका चुनौती र समाधानका उपायहरूमा यूएनसीआरपीडीको भूमिका इङ्गित गरी सुझाव पनि सङ्कलन गरियो ।

महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीले कार्यक्रम समापन गर्दै अबका सरकारका नीति, नियम, कार्यक्रम तथा बजेटमा समावेशी विकासलाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्तिहरूका हकहित संरक्षण र प्रवर्द्धन गर्नु पर्ने बताउनुभयो ।

यसैगरी, सात वटै प्रदेशमा पनि कार्यक्रम आयोजना गरी सीआरपीडी समितिको समापन मन्तव्य तथा सिफारिश सरोकारवालाबीच वितरण गरियो ।

## महासङ्घको महाधिवेशन चैतमा

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको १९औं साधारणसभा तथा आठौँ महाधिवेशन यही चैत २५ र २६ गते प्रदेश १ को विराटनगरमा आयोजना हुनेभएको छ । पुस १ गते प्रदेश ३ को हेटौंडामा बसेको महासङ्घको केन्द्रीय कार्यसमिति बैठकले यस्तो निर्णय गरेको हो ।

महासङ्घको आगामी अधिवेशनमा ३२० वटा सदस्य संस्थाबाट ६५० प्रतिनिधिको सहभागिता रहने छ । यही महाधिवेशनबाट आगामी ३ वर्षका लागि महासङ्घका अध्यक्षसहितका सम्पूर्ण सङ्घीय कार्यसमिति चयनसमेत हुनेछ ।



# अपाङ्गता
## सरोकार र सहभागिता

■ राजेशमान के.सी.



नेपाल सरकारको अपाङ्गतासम्बन्धी नीति तथा कार्ययोजना, २०६३ मा "अपाङ्गता भन्नाले शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा विद्यमान समस्या अथवा कठिनाइको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणबाट सृजना भएको सञ्चारसमेतको अवरोधले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन र सम्मानपूर्ण जीवनयापन गर्न कठिन हुने अवस्था हो" भनी परिभाषित गरिएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको "अपाङ्गतासम्बन्धी प्रतिवेदन, २०११" मा प्रकाशित विवरण अनुसार विश्व जनसङ्ख्याको १५ प्रतिशत अर्थात् १ अर्बभन्दा बढी मानिसमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । त्यसमा पनि अधिकांश यस्ता अपाङ्गता भएका व्यक्तिहरू हाम्रो जस्तो विकासोन्मुख मुलुकमै बसोबास गर्दछन् ।

नेपालको पछिल्लो जनगणना, २०६८ अनुसार अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या कुल जनसङ्ख्याको १ दशमलव ९४ प्रतिशत रहेको छ । त्यस तथ्याङ्कलाई आधार मान्दा नेपालमा अहिले ५ लाखभन्दा बढी व्यक्ति कुनै न कुनैरूपमा अपाङ्गताको जीवन बिताइरहेका छन् । खासगरी हाम्रो जस्तो समाजमा गरिबी, अशिक्षा, स्वास्थ्य सुविधाको कमी आदि जस्ता कारणले गर्दा अपाङ्गताको समस्या बढ्दै गइरहेको देखिन्छ । त्यसमा पनि दृष्टिविहीन अपाङ्गता भएकाहरूको अवस्था त अझ बढी दयनीय रहेको हामी पाउँछौं ।

निश्चय पनि अपाङ्गता भएका व्यक्तिहरू सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक तथा राजनीतिक दृष्टिकोणबाट समेत अति उत्पीडित र बहिस्करणमा पारिएको वर्ग हो भन्नु अतिशयोक्ति हुनेछैन । वास्तवमा कुनै पनि प्रकारको विभेद र बहिस्करणविना अरूसरह समानरूपमा आत्मसम्मान र स्वाभिमानपूर्वक बाँच्न पाउनु अपाङ्गता भएका व्यक्तिहरूको पनि मौलिक अधिकार हो । अपाङ्गता चाहे जुनसुकै प्रकृतिको होस्, उसले निर्वाधरूपमा संविधानले प्रदान गरेका मौलिक हक उपभोग गर्न पाउनु पर्छ । उनीहरूलाई पनि समाजका अन्य साङ्ग व्यक्तिसरह राजनीतिक-सामाजिक सहभागिताको पूर्ण अधिकार रहन्छ । मुलुकको आर्थिक संवृद्धिमा संलग्न रहने अधिकार हुन्छ ।

हामी नबिर्सौं- नेपाली अपाङ्गता भएका व्यक्तिहरूले पनि आफ्नो अदम्य साहस प्रदर्शन गरी ऐतिहासिक जन-आन्दोलन सफल बनाउन उत्प्रेरणादायी भूमिका निर्वाह गरेका छन् । समावेशी लोकतन्त्र स्थापनाका लागि होस् वा गणतन्त्रको संस्थागत विकासका लागि, राज्यका हरेक शान्तिपूर्ण आन्दोलनमा अपाङ्गता भएका व्यक्तिहरूले पनि महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको कुरा हामीले भुल्नु हुँदैन । विगतका दिनहरूमा नेपालमा राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनहरूमा अपाङ्गता भएका व्यक्तिहरूले पनि साथ दिँदै आएका हुन् । विक्रम संवत २०६२/६३ को ऐतिहासिक जन-आन्दोलनमा पनि अपाङ्गता भएका व्यक्तिहरू निरन्तर लागिपरे । यसबाट के स्पष्ट हुन्छ भने उनीहरू पनि देशलाई आवश्यक परेको बेलामा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छन् ।

अपाङ्गता भएका व्यक्तिहरू पनि राजनीतिक, आर्थिक अधिकारका हकदार हुन् र उनीहरूलाई विकासको मूल प्रवाहमा सामेल गर्नु जरुरी छ । हुन त हरेक राजनीतिक दलका नेताले अपाङ्गता भएका व्यक्तिहरूका समस्यालाई गम्भीरतापूर्वक ग्रहण गरी सहयोगको आश्वासन दिने गरेका छन् तथापि ठोस र उपलब्धिमूलक ढङ्गबाट अपाङ्गता क्षेत्रका आवश्यकतालाई अधिकारमुखी पृष्ठभूमिमा बुझ्ने र बुझाउने काम अहिलेसम्म पनि वाञ्छितरूपमा हुन सकिरहेको छैन । यो दु:खलाग्दो कुरा हो ।

निश्चय पनि अपाङ्गता भएका व्यक्तिहरूको प्रभावकारी उपस्थितिबिना उनीहरूका लागि गरिने निर्णयले उनीहरूको आर्थिक-सामाजिक आवश्यकतालाई सम्बोधन गर्न सक्तैन । तसर्थ, अपाङ्गतालाई मानव विविधताको रूपमा स्वीकार गर्दै उनीहरूको मर्यादित जीवन, आत्मसम्मान, राजनीतिक अधिकार र समान अवसर सुनिश्चित गराउन राज्यको यथेष्ट ध्यान पुग्नु जरुरी छ ।

मुलुकको पहिलो संविधानसभामा अपाङ्गता क्षेत्रबाट पनि प्रतिनिधिका रूपमा एक जना ह्विलचियर प्रयोगकर्ता अपाङ्गता भएका महिला र अर्का एक जना बहिरा सभासद गरी २ जनाको सहभागिता थियो तर त्यो सहभागिता त्यति प्रभावकारी हुन नसकेको गुनासो अपाङ्गता क्षेत्रमा संलग्न सरोकारवालाहरूको रहेको छ ।

परिवर्तित राजनीतिक प्रणाली अनुरूप अपाङ्गता भएका व्यक्तिहरूको पनि सम्मानपूर्वक बाँच्न पाउने, समाजमा पुनःस्थापना गर्न तथा आमसञ्चार, सूचना प्रविधि, यातायात, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सार्वजनिक सेवाका क्षेत्रमा समान पहुँच कायम गर्दै त्यस्ता सेवा-सुविधा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित गर्न विशेष व्यवस्था गरिनुपर्छ । राज्यले शिक्षा, यातायात, कानून, घरपरिवार, धर्मसंस्कृति, खेलकूद, सञ्चार, आर्थिक-राजनीतिक अवस्था, लैङ्गिक समानता जस्ता आधारभूत अधिकार क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको समतामूलक पहुँच र पूर्ण सहभागिता गराउने प्रतिबद्धता जनाइसकेको अवस्थामा समावेशिता, समतामूलक सहभागितामा आधारित अपाङ्गताको पहिचानसहितको पहुँच

र समान प्रतिनिधित्व स्थापित गर्नु पर्ने देखिन्छ । विशेषगरी वि.सं. २०६३ को ऐतिहासिक जन-आन्दोलन– २ को सफलतापछि सबै वर्ग र जातिको विकासमा समावेशी मुद्दा जोडतोडले उठिरहेको सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सशक्त ढङ्गले समावेशी समाज निर्माणका लागि संलग्न गराउनु आवश्यक देखिन्छ ।

अपाङ्गता अधिकारको कुरा गर्दा अपाङ्गता भएका व्यक्तिहरूका लागि सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घीय महासन्धि (यूएनसीआरपीडी), २००६ हो । राष्ट्रसङ्घको ६१औं महासभाले सन् २००६ डिसेम्बर १३ तारिखका दिन पारित गरेको यो महासन्धिलाई नेपालले सन् २००९ को डिसेम्बर २७ मा अनुमोदन गरेको हो । यो महासन्धिको धारा २९ मा अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्तिसरह मतदान गर्न तथा निर्वाचित हुन पाउने व्यवस्था गरिएको छ । सो व्यवस्था अनुसार पनि अपाङ्गता भएका व्यक्तिहरूले राज्यका विभिन्न क्षेत्रमा आफ्नो उपस्थिति वा प्रतिनिधित्व जनाउन पाउनु पर्छ ।


यतिखेर मुलुकमा नयाँ संविधान कार्यान्वयन भई नेपाल कम्युनिष्ट पार्टीको बहुमतीय सरकारले काम गरिरहेको अवस्था छ । त्यसैले मुलुकले अब राजनीतिक स्थिरता हासिल गर्दै आर्थिक संवृद्धितर्फ अग्रसर रहनु पर्ने खाँचो देखिएको छ । यस्तो अवस्थामा लोकतन्त्र प्राप्ति र गणतन्त्रको संस्थागत विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने अपाङ्गता भएका व्यक्तिहरूलाई पनि विकासको मूलधारमा समाहित गराउन राज्यका आर्थिक, सामाजिक, सांस्कृतिकलगायत सबै क्षेत्रमा उनीहरूको समानुपातिक प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता रहनु आवश्यकमात्र होइन अपरिहार्य नै देखिन्छ ।

*(लेखक दृष्टिविहीन अभिभावक सङ्घ-नेपालका अध्यक्ष हुनुहुन्छ ।)*




अपाङ्गतासम्बन्धी तथ्याङ्क तथा अन्य सन्दर्भ सामग्रीका लागि

www.nepaldisabilityportal.org


Better health for people with disabilities
World Health Organization
People with disabilities have the same general health care needs as others
1 Over BILLION people globally experience disability
1 in 7 people
But they are:
2x more likely to find health care providers' skills and facilities inadequate
3x more likely to be denied health care
4x more likely to be treated badly in the health care system
1/2 of people with disabilities cannot afford health care
They are: 50% more likely to suffer catastrophic health expenditure
These out-of-pocket health care payments can push a family into poverty
Rehabilitation and assistive devices can enable people with disabilities to be independent
970 MIL people need glasses and low vision aids
75 MIL people need a wheelchair; Only 5-15% have access to one
466 MIL people have disabling hearing loss
Production of hearing aids only meets:
10% of global need
3% of developing countries' needs
Making all health care services accessible to people with disabilities is achievable and will reduce unacceptable health disparities
remove physical barriers to health facilities, information and equipment
make health care affordable
CR PD A25 A26
train all health care workers in disability issues including rights
invest in specific services such as rehabilitation
Source: World report on disability: www.who.int/disabilities/world_report

NFD-N

# सञ्चार सम्बन्धी पहुँच




"कार्यक्रममा भनिएका सबै कुराहरू साङ्केतिक भाषा र क्याप्सनिङका माध्यमबाट बुझ्न पायौं, आयोजकलाई धन्यवाद !"



"यस कार्यालयका सूचना अधिकृतले साङ्केतिक भाषा जान्नु हुँदो रहेछ । त्यसैले म बहिरा व्यक्ति भएपनि सेवा लिन सजिलो भो !"



"आवाज सहितको एउटा सामान्य सफ्टवेरको प्रयोगबाट नै मैले यो मोबाइल अरू व्यक्तिले जसरी सजिलै प्रयोग गर्न सकिरहेको छु ।"




"ल अबको चुनावमा म पनि भोट हाल्छु ।"

# तस्बिरमा महासङ्घका गतिविधि



'मलाई गणना गर, समावेश गर' अभियानको औपचारिक उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महासङ्घका महासचिव राजु बस्नेत ।




अपाङ्गता भएका व्यक्तिहरूको २७औँ अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित कार्यक्रमका सहभागी ।




पहुँचयुक्तता परीक्षण प्रतिवेदनलगायतका प्रकाशनको विमोचन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य ।



नवज्योति आधारभूत विद्यालयमा पहुँचयुक्त विद्यालयका बारेमा विद्यार्थीसँग अन्तरक्रिया गर्नुहुँदै महासङ्घका कोषाध्यक्ष कुमार रेग्मी र कर्मचारी ।



एक्मी इन्जिनियरिङ कलेजमा पहुँचयुक्तता र विश्वव्यापी सिद्धान्तबारेको छलफल कार्यक्रममा प्रस्तुतीकरण गर्नुहुँदै महासङ्घका कर्मचारी तथा पदाधिकारी ।